# पूर्वीचौकी गाउँपालिकाका उपाध्यक्ष श्री पशुपती खड्का ज्यूद्धारा गाउँसभाको १५औं अधिवेशनमा प्रस्तुत गरीएको आर्थिक वर्ष २०८१/०८२ को

नीति, कार्यक्रम तथा बजेट-२०८१/०८२

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## पूर्वीचौकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## सानागाउँ, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

यस पूर्वीचौकी गाउँपालिकाको गाउँ सभाको १५औ अधिवेशनका सभाध्यक्ष ज्यू, सचिव ज्यू, गाउँ सभाका सभासद ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी ज्युहरु, संचारकर्मी मित्रहरु र सबै ठाउँबाट पाल्नु भएका आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु, समाजसेवी, वुद्धिजिवी महानुभावहरु, पूर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत टक्रयाउन चाहान्छु ।

**आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :**

१. यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएको राजनीतिक क्रान्ति, सशस्त्र संघर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात सहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा वेपत्ता नागरीक, घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु

२. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त अनुरुप कार्य गर्ने यस सभामा प्रतिबद्धता जनाउन चाहान्छु ।

३. आर्थिक समृद्धि मार्फत गरीबी निवारण गरी समाजमा सुशासन, अमनचयन कायम गराउनमा हामी प्रतिबद्ध भई सो अनुरुपको नीति तथा कार्यक्रमका लागि हामी प्रतिवद्ध छौ ।

४. नेपालको संविधान, अन्तराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्य, पन्ध्रौं पञ्चवर्षिय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, विगतको अनुभव र राम्रा अभ्यासका आधारमा यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

**आदरणीय सभासद ज्यू तथा उपस्थति महानुभावहरु :**

**अब म गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेटका नीतिगत आधार एवम् उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु।**

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका नीतिगत आधारहरु :**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४
- विधमान राष्ट्रिय प्रादेशिक र स्थानीय नीति
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधी, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा आवश्यक दफा र नियम
- स्थानीय तहको आवधिक योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, ऐन, कानुन, कार्यविधि तथा मापदण्डहरु
- पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु
- दिगो विकासका लक्ष्यहरु,
- विकासका अन्तर सम्बन्धित विषयहरु
- स्थानीय सरकारले जनता समक्ष गरेका प्रतिवद्धताबाट सिर्जित दायित्व
- गाउँपालिकाको आन्तरिक स्रोत साधन तथा यसको सम्भाब्यता

**यस नीति, कार्यक्रम तथा बजेटका मूलभुत उद्देश्यहरु देहाय बमोजिम रहेका छन्**

- गुणस्तरीय पूर्वाधार निर्माण, रोजगार अभिवृद्धि, समावेशी आर्थिक वृद्धि तथा गरीबी निवारण गर्दै पूर्वीचौकी गाउँपालिकाको समृद्धिको आधार निर्माण गरीनेछ ।

- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सन्तुलित वातावरण र जवाफदेही सार्वजनिक सेवाको अनूभुति गराइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको सामाजिक-आर्थिक रुपान्तरण गरी समकक्षी समक्ष आफूलाई उदाहरणीय पालिकाको रुपमा स्थापित गर्ने मार्गमा अग्रसर गरीनेछ ।

**आदरणीय सभासद ज्यूहरु:**

**अव म आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।**

- नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य हासिल गर्नमा टेवा पुर्याउने गरी गाउँपालिकाका विकास आयोजनामा क्षेत्रगत रुपमा बजेट विनियोजन गरीनेछ । क्षेत्रगत रुपमा बजेट तर्जुमा तथा व्यवस्थापन गरी सन्तुलन कायम गरीनेछ ।
- हाल सञ्चालनमा रहेका बहुवर्षिय क्रमागत र अधुरा आयोजनाहरु सम्पन्न गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गर्दै स्थानीय सरकारले बजेट विनियोजनमा प्राथामिकता दिइनेछ ।
- दिगो अर्थतन्त्र निर्माणका लागि आर्थिक विकास र गरीवी निवारणमा योगदान पुर्याउने उद्देश्यले कृषि व्यवसाय, पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरीनेछ ।
- गाउँपालिकालाई समृद्ध बनाउन निजी क्षेत्र, सरकारी तथा गैरसरकारी संस्था तथा सबै क्षेत्रको लगानी भित्र्याउन लगानीमैत्री वातावरण सिर्जना गरी साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- अर्थतन्त्रमा देखापरेका चुनौतीलाई सामना गर्न गाउँपालिकाको पूँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्च तर्फ बढ्दो चापलाई न्यूनीकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गरीने नीतिलाई निरन्तरता दिइनेछ।

**आदरणीय सभासदज्यूहरु,**

**अव म आर्थिक विकास तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।**

**क. आर्थिक विकास तर्फ :**

- बेमौसमी तरकारी खेती, फलफुल खेती, जडीबुटी खेती, बाख्रापालन, भैसीपालन, गाईपालन जस्ता कार्यक्रमलाई टेवा पुर्याउने उद्देश्यले विशेष अनुदानका कार्यक्रम सञ्चालन गरीनेछ ।
- जडीबुटी तथा पशु चौपायको निकासीलाई व्यवस्थित गर्दै लगिनेछ ।

- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका खोलाहरुमा करेन्ट लगाई माछा मार्ने कार्यलाई पूर्ण रुपमा बन्देज गरी जल प्राणीको संरक्षण गरीनेछ ।
- स्थानीय कच्चा पदार्थ (निगालो, बाँस, अल्लो, मुथो, भिमल, लोतो) बाट साना उद्योग विकास (नेपाली कागज, डोका, डाला,) का लागि प्रोत्साहन/नगद अनुदान कार्यक्रम सञ्चालन गरीनेछ ।
- पञ्चवर्षीय रोजगार रणनीति निर्माण गरी आन्तरिक रोजगारी तथा स्वरोजगार सिर्जना गर्ने नीति लिइनेछ । जसका लागि वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको तथ्याङक संकलन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनासँग साझेदारी गरी बढी भन्दा बढी वेरोजगार व्यक्तिहरुलाई रोजगारीमा सहभागी गराउन **अध्यक्ष रोजगार कार्यक्रम** सञ्चालन गरीनेछ।
- वैदेशिक रोजगारीमा जान चाहाने युवाहरुलाई स्वदेशमा रोक्न आधुनिक कृषि प्रणाली लागु गरी पालिकास्तरीय रोजगारी सिर्जना गरिनेछ ।
- पालिकास्तरीय सहकारी नियमन प्रणाली लागु गरी सम्पूर्ण सहकारी संस्थाहरुको तथ्याङ्क संकलन तथा अनुगमन गरीने नीति लिइनेछ ।
- बैंक तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरीकको पहुच अभिबृद्धि गर्न र विद्युतिय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तिय साक्षरता, अभिमुखीकरण एवं क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम बैंक तथा वित्तिय संस्थाको साझेदारीमा सञ्चालन गरीने नीतिलाई निरन्तरता दिइनेछ ।
- राजस्व प्रवर्द्धन तथा वित्तीय व्यवस्थापनका लागि पुर्ण रुपमा विद्युतीय प्रणाली प्रयोग गरीनेछ ।
- जीवन निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसाय तथा प्रतिस्पर्धी बनाउनका लागि निजी क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा पूर्ण रुपमा बैकिङ्ग प्रणाली मार्फत सञ्चालन गरीएको सामाजिक सुरक्षा कार्यक्रमलाई सबै वडामा विस्तार गरी वडा तहमै वितरण गरीने नीति लिइनेछ ।
- **हाम्रो कला संस्कृति हाम्रो पहिचान** भन्ने नारा सहित पूर्वीचौकी गाउँपालिकामा रहेका रानढुङ्गा, त्रिवेणीधाम, मालिका मन्दिर, मष्टाबण्डाली, शाजेन्द्रश्वर, नेत्रेश्वरी, मष्टेश्वरी, सल्कट्याल, देवीमाणु, बाराही लगायतका मन्दिरहरुको संरक्षण र सम्बर्द्धनमा निरन्तरता दिइनेछ ।

- अपाङ्ग, अल्पसङ्ख्यक तथा ज्येष्ठ नागरीकको सम्मानित जीवनयापन गर्ने व्यवस्था मिलाइनेछ । जसका लागि क्षमता विकास तथा आयआर्जन कार्यक्रम र ज्येष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषिजन्य वस्तुको आयातमा प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि, पशुपन्क्षी तथा मत्स्य विकास कार्यक्रमलाई प्राथामिकतामा राखी सञ्चालन गरीनेछ । धान, मकै, गहुँ, कोदो, भटमास, कागुनो, बेथे, तोरी, तरकारी, फलफुल, माछामासु र दुधमा आत्मनिर्भर हुन सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरीनेछ।
- कृषकले लगाएको बालीको प्रतिफल र उत्पादनमा आधारित विउ पुँजीको रुपमा अनुदान प्रदान गरीनेछ।
- कृषकहरुले उत्पादन गरेको खाद्य वस्तुहरुको बजारीकरणका लागि सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- चिया खेती कार्यक्रमलाई वृद्धि गर्न चिया खेती सम्बन्धी तालिम तथा अभीमुखीकरण गराई कृषकहरुलाई प्रोत्साहनको रुपमा अनुदान प्रदान गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको मुख्य पहिचानको रुपमा रहेको बासमति धानको प्रशोधन तथा बजारीकरणको लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- जनताको चाहाना कृषि वालिको संरक्षण अभियान अन्तर्गत कृषि वाली तथा पशु विमा कार्यक्रमलाई अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- **"किसान हुनमा, मलाई गर्व" छ** भन्ने नाराका साथ उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **"पोषणयुक्त खाना, स्वच्छ जीवन"** भन्ने नाराका साथ पूर्वीचौकी गाउँपालिकाको राजमार्गमा एक/एक वटा स्वच्छ मासु पसल र उन्नत खालको डेरी स्थापना गरीनेछ । त्यसको लागि कुल लागतको ५०% अनुदान पूर्वीचौकी गाउँपालिकाद्धारा प्रदान गरीनेछ ।
- **"माटो जोगाउ उत्पादन बढाउ"** भन्ने नाराका साथ प्रत्येक वडामा एक/एक वटा पकेट क्षेत्र स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- पूर्वीचौकी गाउँपालिकाको स्थानीय उत्पादनलाई प्रबर्द्धन गर्नका लागि प्रत्येक विद्यालयहरुमा स्थानीय उत्पादित खाद्यान्नको खाजा खुवाउने कार्यक्रम निजी क्षेत्र, गैरसरकारी संस्था र सहकारी क्षेत्रको समन्वय र सहकार्यमा सञ्चालनमा निरन्तरता दिई अनुगमन मार्फत प्रभावकारी बनाइनेछ ।
- उन्नत जातका पशुचौपायाको विकासको लागि उन्नत जातको विज विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

**आदरणीय सभासद ज्यूहरु**

**अव म सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

**ख. सामाजिक विकास तर्फ :**

- **जहाँ विद्यार्थी त्यहाँ शिक्षक, जहाँ शिक्षक त्यहाँ विद्यार्थी, जहाँ शिक्षक त्यहाँ विद्यालय** भन्ने मूल नाराका साथ विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तर रुपमा अगाडी बढाइनेछ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मूल मर्म अनुसार आधारभूत तह स्थानीय पाठ्यक्रमको आधारमा कक्षा १-३ सम्मको स्थानीय पाठ्यपुस्तक तत्काल पारित गरी कार्यान्वयनमा लैजाने र कक्षा ४-८ सम्मको स्थानीय पाठ्यपुस्तक निर्माणको काम अगाडी बढाइने नीति लिइनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले समयमा नै निशुल्क पाठ्यपुस्तक वितरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- आधारभूत तहको अन्त्यमा लिइने गाउँपालिका स्तरीय कक्षा ८ बार्षिक परीक्षालाई थप व्यवस्थित बनाउदै लगिनेछ ।
- शिक्षकहरुको पेशागत क्षमता विकास गर्न तालिम तथा गोष्ठी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका अनुदान शिक्षक दरबन्दीलाई आवश्यकताको आधारमा व्यवस्थित गरी शैक्षिक गुणस्तरलाई अभिवृद्धि गरीनेछ ।
- **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** भन्ने मूल नाराका साथ राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।

- HIV/AIDS संक्रमितहरुले सेवन गरी रहेका व्यक्तिहरुका लागि ARV औषधी सहजै रुपमा उपलब्ध हुने व्यवस्था गरीनेछ ।
- मुक्त हलिया तथा घर विहिन भएका नागरिकहरुको व्यवस्थापन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यमा विशेष पहल गरिनेछ ।
- पालिका स्तरीय महिला सञ्चाल गठन गरी सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरुको अर्थपुर्ण सहभागिता गराइने नीति लिइनेछ ।
- **"गाउँमै कमाउने गाउँमै रमाउने"** वातावरण सृजना गरी युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- पूर्वीचौकी गाउँपालिकामा हाल सम्म अवकाश भएका कर्मचारीहरुको सेवा सुविधा यथासिघ्र उपलब्ध गराउनका लागि संघीय सरकारमा विशेष पहल गरीनेछ ।
- विपन्न नागरीकहरुलाई विभिन्न रोगहरु जस्तै : क्यान्सर, मुटुरोग, मृगौला सम्वन्धीको रोग, अल्जेमर, पार्किन्सन, हेड ईन्जुरी, स्पाईनल ईन्जुरीमा दिईने सिफारिसलाई निशुल्क प्रदान गरीने कार्यलाई निरन्तरता दिईने छ साथै राज्यले दिर्घरोगी (क्यान्सर, मृगौला रोगी, स्पाईनल ईन्जुरी) हरुलाई दिदै आएको मासिक भत्तालाई व्यवस्थित बनाउन विशेष पहल गरीनेछ ।
- **"सरसफाई लगानी हो"** भन्ने अभियान अन्तर्गत गाउँघर- आगन, बाटो तथा टोल सफा राख्नका लागि पूर्ण सरसफाई प्रवर्द्धन गरी वडा कार्यालय मार्फत निरन्तर रुपमा अघि बढाईने छ ।
- पालिकाबाट प्रदान गरीने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरीक, गर्भवती, सुत्केरी र अशक्त नागरीकलाई सेवामा प्राथमिकता दिई मुस्कान सहितको सेवा प्रदानमा जोड दिईनेछ ।
- सिंचाई योग्य जमिनमा बार्है महिना सिंचाईको व्यवस्था गर्ने नीति लिईने छ । यसका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरीने छ
- सार्वजनिक, पर्ति र ऐलानी जग्गाको तथ्याङ्क संकलन गरी गाउँपालिकाको आवश्यकता बमोजिम नीति बनाई त्यस्ता जमिनको उपयुक्त प्रयोग गर्ने नीति अबलम्वन गरीने छ । साथै पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका गूठी जग्गाको उचित व्यवस्थापन गरीने नीति लिइनेछ ।

- <u>**“स्वस्थ जीवन आयुर्वेदिक उपचार”**</u> भन्ने अभियानका साथ योग शिक्षा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकामा योग प्रशिक्षकको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरीने छ ।
- <u>**“आयुर्वेदिक सेवन स्वच्छ जीवन”**</u> का लागि निशुल्क रुपमा गाउँपालिका अन्तर्गत आयुर्वेद शिविर सञ्चालन गरी नागरीकको जीवनशैलीलाई आयुर्वेदमैत्री बनाईनेछ ।
- पञ्चकर्म तथा पूर्वकर्म जस्ता आयुर्वेद कार्यक्रमलाई निरन्तरता दिई ज्येष्ठ नागरीक तथा बाथ रोगीहरुको जीवनशैलीलाई सहज वनाईने नीति लिईनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा निर्माण सम्पन्न गरीएको १० शैय्याको आधारभूत अस्पताललाई पूर्ण रुपमा सञ्चालन गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी यसै आर्थिक वर्ष भित्र सञ्चालनमा ल्याइनेछ ।
- पूर्वीचौकी गाउँपालिका शिक्षा अनुदानबाट अवकाश भएका शिक्षकहरुलाई शिक्षा क्षेत्रमा योगदान पुर्याए बाफत प्रोत्साहन सहित सम्मान गरीनेछ ।
- आधाराभुत तह कक्षा ८ र एसईईमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय र विद्यार्थीहरुलाई प्रोत्साहन र पुरस्कृत गरीनेछ ।
- शैक्षिक गुणस्तरमा जोड दिनुका साथै शिक्षकहरुको पेशागत विकासका लागि नमुना विद्यालय भ्रमण तथा सिकाई आदानप्रदान कार्यक्रम सञ्चालन गरीने नीति लिइनेछ ।
- <u>**"बालबालिका भविष्यका कर्णधार हुन्"**</u> भन्ने नाराका साथ बाल क्लव गठन तथा परिचालन र निर्णायक तहमा अर्थपूर्ण बाल सहभागिता गराइने नीति लिइनेछ । जसका लागि **उपाध्यक्ष पोषण कोसेली कार्यक्रम,** बालमैत्री स्थानीय शासन तथा सिमान्तकृत महिला तथा टुहुरा बालबालिकाका लागि राहत कोष जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउन कम्प्यूटर नभएका विद्यालयलाई कम्प्यूटर उपलब्ध गराईने नीति अवलम्बन गरीनेछ ।
- मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत प्रणालीगत पद्धतिलाई आत्मसात गर्दै लक्षित वर्ग केन्द्रित पोषण सुधारका अभियान सञ्चालन गरीनेछ । यसका

लागि नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानको साथै स्थानीय तहबाट समेत स्रोत विनियोजन गरीने नीति लिइनेछ ।

- पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी, २०८० अनुसारका क्षेत्रगत सूचकहरुले तोकेको लक्ष्यहरु पूरा गर्न कार्ययोजना निर्माण गरी पोषणमैत्री स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ ।
- गुणस्तरिय स्वास्थ्य उपचार, पाउने जनताको अधिकार, प्रवर्द्धन दक्ष स्वास्थ्यकर्मी र स्वास्थ्य सामाग्रीहरुको गुणस्तरिय व्यवस्थापन गर्ने नीति लिइने छ । जसका लागि SBA तालिम लगायतका अति आवश्यक तालिमहरु सञ्चालन गरी प्रत्येक वर्थिङ सेन्टरहरुमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरीनेछ । त्यसैगरी खोपकेन्द्र र गाउँघर क्लिनिकको सञ्चालन निरन्तरता दिइनेछ ।
- २४सै घण्टा सेवा गर्ने वर्थिङ सेन्टरका अनमीहरुको मनोबल उच्च पार्नका लागि अतिरिक्त भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयसेविकाहरुको मनोबल वृद्धि गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरीने नीति लिइनेछ
- नागरीकलाई गुणस्तरीय प्रभावकारी रुपमा सेवा प्रदान गर्नका लागि एकीकृत घुम्ती सेवा प्रवाह प्रणालीलाई प्रोएक्टिभ रुपमा प्रदान गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको यौनिक तथा लैङ्गिक हिंसा अन्त्य अभियान अन्तर्गत उपाध्यक्ष महिला सशक्तिकरण र सीप विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी वनाइ घरेलु हिंसा, लैङ्गिक हिंसा, छाउपडी प्रथा जस्ता कु-प्रथाहरुको अन्त्य गरी समतामूल्क समाज निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर तथा आँङ खस्ने जस्ता रोगको पहिचान एवम निदान गर्न गाउँपालिकामा विशेषज्ञ सहितको स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा समन्वय केन्द्र स्थापना गरी एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ । साथै मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्नका लागि सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरीएको निःशुल्क बस सेवालाई निरन्तरता दिइनेछ।

- **"सामुदायिक विद्यालयको गुणस्तरिय शिक्षा र प्रभावकारिता, पूर्वीचौकीको इच्छा"** भन्ने नाराका साथ सामुदायिक विद्यालयको क्षमताका आधारमा अंग्रेजी माध्ययमबाट पठनपाठन गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"** अभियान मार्फत मानसिक रोग, दिर्घ रोग तथा नसर्ने रोगको रोकथाम र न्यूनीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **"पूर्वीचौकी गाउँपालिकाको सन्देश, छुवाछूत माथि पुर्ण बन्देज"** भन्ने नाराका साथ सशक्तिकरण कार्यक्रम तथा पराम्परागत सीप सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका सरस्वती माविको सिभिल ईन्जिनिरिङ्ग (डिप्लोमा) अध्यापनलाई निरन्तरता दिँदै, मष्टामाण्डौ मा.वि.मा वन विज्ञान विषय र शाजेन्द्रेश्वर मा.वि. मा कृषि विषयको अध्ययन गराउने नीति लिइनेछ । जसका लागि कार्यदल गठन गरी सम्भावना अध्ययन गरीनेछ ।
- सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन गरी पूर्वाधार निर्माण तथा विद्यालय क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरका लागि सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै लगिनेछ । जसका लागि विद्यालयमा जडान भएका ईन्टरनेट सेवाको गुणस्तरलाई अभिवृद्धि गरीनेछ ।
- गरीब, विपन्न, दलित र पिछडिएका उत्कृष्ठ बालबालिकाहरुको उच्च शिक्षाको लागि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- खेलकुद क्षेत्रको समग्र विकासको लागि पालिका स्तरमा सुविधा सम्पन्न एक खेलकुद मैदान निर्माणको लागि पहल गरीनेछ । खेलकुद क्षेत्रलाई प्रभावकारी बनाउन पालिका स्तरिय अध्यक्ष कप खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा लैङ्गिक हिंसा सम्बन्धी नीतिगत व्यवस्था गरी जनप्रतिनिधी तथा कर्मचारी आचारसंहिता निर्माण गरी कार्यान्वयन गरीनेछ ।
- घरेलु हिंसा तथा लैङ्गिक हिंसा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, बालश्रम, बालविवाह, बहुविवाह र छाउपडी प्रथा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गरीनेछ ।

- पालिका स्तरीय बाल सञ्चालका प्रतिनिधीहरुको क्षमता विकास गर्न र वडास्तरमा गठित बाल क्लबका प्रतिनिधीहरुलाई विभिन्न तालिम सञ्चालन गरीने नीति लिइनेछ ।
- संरक्षणबाट बञ्चित भएका बालबालिबाहरुको पुर्नस्थापना गर्न निशुल्क शिक्षा तथा आवश्यक राहत उपलब्ध गराइने नीति अवलम्बन गरीनेछ ।
- यस गाउँपालिकामा स्नातक तहको पठनपाठनको लागि सुदूरपश्चिम विश्वविधालय वा त्रिभुवन विश्वविधालयसँग पहल गरीनेछ ।
- सम्भावना र आवश्यकताको आधारमा पालिकामा **एक जेष्ठ नागरीक मिलन केन्द्र स्थापना** तथा सञ्चालनको प्रबन्ध गरीनेछ ।
- बालविवाह मुक्त घोषणा कार्यक्रमलाई सार्थक बनाउन जन्म दर्ताको आधारमा **विवाह कार्डमा बर बधुको अनिवार्य रुपमा उमेर** समावेश गर्ने अभियान सञ्चालन गरीनेछ ।
- **एक वडा एक बालमैत्री बगैचा** कार्यक्रम निर्माणमा पहल गरीनेछ ।
- अपाङ्गता वा फरक क्षमता भएका नागरीकहरुको कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ
- **'बाबु आमा बोझ हैनन् वृक्ष हुन"** भन्ने नैतिक धारणाको विकास गर्न सामुदायिक सिकाई केन्द्र प्रभावकारी रुपमा परिचालन गरीनेछ ।
- बजार व्यवस्थापन गर्न पालिकाको क्षेत्र भित्र रहेका सबै व्यवसायलाई अनिवार्य रुपमा वडा कार्यालयमा दर्ता गर्ने नीति लिइनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरीनेछ ।
- गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न आवश्यक पूर्वाधारको विकासका लागि विद्यालयहरुमा अनुकुल वातावरण सिर्जना गरीनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा प्रदायक गाँउपालिका घोषणा गर्नका लागि आवश्यक पूर्वाधार तयार पार्न विद्यालय भर्ना नभएका विद्यालय उमेरका बालबालिका र बीचैमा विद्यालय छाडेका बालबालिकाहरुलाई विद्यालयमा भित्राउने कार्यक्रम ल्याईनेछ

- पालिका भित्र रहेका स्वास्थ्यचौकी हरुमा सुत्केरी सेवालाई प्रभावकारी व्यवस्थापन गर्न डेलिभरि बेड, पावरब्याकप, स्टेचरको सहज उपलब्धताको सुनिश्चतता गरिनेछ ।
- भविष्यमा आइपर्न सक्ने विविध स्वास्थ्य जन्य प्रकोप नियन्त्रणका लागि कार्यक्रम संचालन गरीनेछ।
- निजी क्लिनिक एबम अस्पतालहरु संचालन गर्न दर्ता अनुमति दिने र नियमन गर्ने नीति लिइनेछ ।
- सुर्तिजन्य पदार्थ तथा मादक पदार्थको विक्री वितरण तथा सेवनलाई नियमन गरीनेछ
- वडा तहमा व्यक्तिगत सरसफाई तथा पानी सुद्धिकरणका उपायहरुको बारेमा अभियान सञ्चालन गरिनेछ
- नेपाल सरकारले निशुल्क दिने औषधी बाहेकका अन्य औषधीहरु खरिद गरी निमुखा तथा विपन्न नागरीकहरुलाई निशुल्क वितरण गर्ने नीति लिइनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुका लागि जनचेतनामूल्क, सीपमूल्क र सशक्तिकरण गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै सहायक सामाग्री वितरणका कार्यक्रमहरु पनि सन्चालन गरीनेछ ।
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरीकहरुलाइ सम्मान गर्दै ज्येष्ठ नागरीकको भूमिका र योगदानलाइ उच्च महत्व दिइनेछ।
- किशोरीहरुका लागि जनचेतनामूलक, मानव बेचविखन र बालबिवाह न्यूनीकरणका कार्यक्रमहरुलाई बिशेष प्राथमिकताका साथ सञ्चालन गरीनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई सबै वडामा विस्तार गरी अनिवार्य गरीनेछ ।
- **कृषकको उत्पादन बजारसम्म** भन्ने नाराका साथ गा.पास्तरीय शित भण्डार र वडा स्तरीय संकलन केन्द्र स्थापना गरीनेछ ।

**आदरणीय सभासद ज्यूहरुः**

**अब म पूर्वाधार विकास तर्फका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

**ग. पूर्वाधार विकास तर्फ :**

- पालिका स्तरीय सडक गुरुयोजना निर्माण गरी नक्सा पास र सडकको क्षेत्राधिकारलाई नियमन गरीने नीति लागु गरीनेछ ।
- पालिका स्तरीय भवन निर्माण संहिता नीति अवलम्बन गरीनेछ ।
- **घरको रक्षा, जनताको सुरक्षा** अभियान अन्तर्गत वस्ती विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- पूर्वीचौकी गाउँपालिका अन्तर्गत रहेका धर्मशाला, मठमन्दिर, उद्यान, गुठि आदिको सम्बर्द्धन तथा संरक्षण गरी सामुदायिक केन्द्रको रुपमा विकास गरीनेछ । जसका लागि पूर्वीचौकी गाउँपालिका वडा नं. १ को खापरदह परिसरमा निर्माण भएको विपि पार्क उद्यानलाई व्यवस्थित बनाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आगामी तीन वर्ष भित्र आवश्यक सम्पूर्ण झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाका भुकम्पबाट ध्वस्त भएका घर लगायत अन्य संरचनाहरुको पुर्ननिर्माण गर्न पहिलो प्राथमिकता दिइनेछ । जसका लागि भुकम्पबाट क्षति भएका घर तथा अस्थाई टहरा निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- संघीय र प्रादेशिक सरकारको सहयोगमा संचालित बिभिन्न पुर्बाधार योजनाहरुसंग नबाझिने गरी गाँउपालिकाको विकासका अन्य योजनाहरु शुरु गरीने छ । संचालन गरीएका र सम्पन्न हुन नसकेका योजनाहरु सम्पन्न गर्नु पहिलो प्राथमिकता रहनेछ ।
- पूर्वीचौकी गाउँपालिकासँग जोडीएको खसड क्षेत्रबाट अत्याधिक लाभ लिन एक स्थानीय तह एक पर्यटन पूर्वाधार नीति अन्तर्गत पूर्वीचौकी गाउँपालिका वडा नं. २ मा पर्यटन पूर्वाधारहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- विद्युतिकरण हुन बाँकी रहेका सबै वडाका बस्तीहरुमा आगामी वर्ष भित्रमा बिजुली बत्ती पुऱ्याउने नीतिलाई निरन्तरता दिइनेछ । जसका लागि राष्ट्रिय प्रसारण लाईन वडाका प्रत्येक वस्तिमा पुऱ्याउन समन्वय र सहकार्य गरीनेछ ।
- **सबै घरमा स्वच्छ पानीको पहुच** भन्ने नाराका साथ सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी पूर्वीचौकी गाउँपालिकामा दिर्घकालिन खानेपानीको व्यवस्था गरीनेछ ।
- ठुला तथा दिर्घकालिन असर पार्ने आयोजनाहरु निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदनका आधारमा मात्र सञ्चालन गरीने नीति लिइनेछ । यस्ता आयोजना सञ्चालनका लागि स्रोतको सुनिश्चतता गरी आयोजना सञ्चालन गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिकाका आयोजना सञ्चालन तथा व्यवस्थापनको लागि उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरीनेछ ।

- तटबन्ध, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउन्पन्न प्रकोप नियन्त्रण गरीनेछ।

## घ. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

- **वातावरणमैत्री शासन, सबैको भर, सफा र स्वच्छ हाम्रो गाउँघर,** को नाराका साथ प्लाष्टिक झोला प्रयोगको नियन्त्रण गरी वातावरणमैत्री स्थानीय नीति निर्माण गरी वडा तथा पालिकालाई वातावरण मैत्री घोषणा गरीनेछ । साथै खानेपानीका मुहानहरु संरक्षण गर्न रिचार्ज पोखरी निर्माण गरीने नीति लिइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको विकास निर्माणका आयोजना सञ्चालन गर्दा आवश्यकता अनुसार अनिवार्य रुपमा वातावरणीय मूल्याङ्कन ( IEE, BES, EIA)गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुलाई वन तथा जडिवुटी संरक्षणका लागि विभिन्न जनचेतना कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समितिहरुको सहभागितामा सञ्चालन गरीने छ ।
- **"एक वोट, भविष्यको नोट"** अन्तर्गत पूर्वीचौकी गाउँपालिकाको हरियाली अभियानलाई निरन्तरता दिईने छ ।
- पहलमान सिंह स्वार राजमार्गमा सडक वाटो विस्तार गर्दा सडकको दायाँ बायाँ क्षेत्रमा आकर्षक विरुवा रोपी हरियाली सडक वनाउने नीतिमा जनसहभागिता हासिल गर्न प्रयास तथा प्रयत्न गरीनेछ ।
- यस पूर्वीचौकी गाउँपालिकामा विभिन्न कम्पनीद्धारा विक्रि वितरण भएका मदिराका रित्तो बोतलबाट वातावरणमा परेको ठुलो चुनौतीलाई न्यूनीकरण गर्न जुन कम्पनीले मदिरा विक्रि वितरण गरेको हो सोहि कम्पनीले उक्त रित्तो सिसि वोतलहरु उठाउनुपर्ने तथा व्यवस्थित गर्ने नीति लिइनेछ।
- पालिकामा पर्ने राजमार्ग क्षेत्र तथा बजार उन्मुख स्थानहरुमा सार्वजनिक शौचालय निर्माणका लागि सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गरीनेछ ।
- फोहोर मैला व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था गरी फोहोर विसर्जन केन्द्र तोकिनेछ
- स्वच्छ उर्जा दिगो स्वास्थ्य अन्तर्गत वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रवर्द्धन गर्ने नीति लिइनेछ । जसका लागि सुधारिएको चुलो, वायोग्यास, गोबारग्यास जस्ता कार्यक्रम सञ्चालन गरीनेछ ।

- पूर्वीचौकी गाउँपालिकाको विकास निर्माणका आयोजना सञ्चालन गर्दा वातावरणिय प्रभाव मुल्याङ्कन अनिवार्य गर्ने नीति लिइनेछ । गन्डिगाड, फुलौटी गाड, छोलेगाड र चिन्नेगाडमा ढुङ्गा, गिट्टि, वालुवा तथा नदीजन्य वस्तुहरुको संकलन सम्बन्धी प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गरीनेछ ।
- विपदबाट भएको क्षतिको पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ङ. सुशासन तथा संस्थागत विकास तर्फ

- पूर्वीचौकी गाउँपालिकाद्धारा प्रदान गरीने सेवालाई सरल चुस्त र पारदर्शी बनाउन टोकन प्रणाली लागु गरीनेछ । जसका लागि सेवा प्रवाह मापदण्ड निर्माण गरी नियमित रुपमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण पनि गरीनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सहज बनाउन पालिका स्तरीय क्षमता विकास योजना निर्माण गरी कर्मचारीहरुको क्षमता विकास तालिमको व्यवस्था गरीनेछ ।
- दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिने सम्बन्धी नीति लागु गरिनेछ ।
- गाउँपालिकाभित्र उच्चतम कर तिर्ने करदातालाई संम्मान गर्ने नीति लिइनेछ।
- आगामी आर्थिक बर्षमा राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व क्षेत्रको दायरा बढाइनेछ र सोहि बमोजिम राजस्व प्रक्षेपण गर्ने नीति अबलम्बन गरीनेछ ।
- भुक्तानी प्रणालीलाई प्रभावकारी र सरल बनाउनका लागि E-Payment प्रणाली व्यवस्थित बनाइनेछ।
- सरकारले सम्पादन गरेका सबै कार्यहरुमा पार्दर्शिता जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रत्येक ३ महिनामा कार्य सम्पादन सार्वजनिक गर्ने नीति लिइनेछ । जसका लागि सार्वजनिक सुनुवाइ कार्यक्रमलाई अनिवार्य गराइनेछ ।
- सेवालाई अनुमान योग्य बनाइ कार्य सम्पादनलाई चुस्तदुरुस्त बनाउन एकीकृत डिजिटल प्रोफायल निर्माण गरी कार्य सञ्चालनलाई प्रभावकारी बनाइनेछ ।
- गुनासो दर्ता तथा सुनुवाई शिक्षा सम्बन्धी अभियान सञ्चालन गरीनेछ ।
- टोल विकास सस्था गठन सम्बन्धी नीति निर्माण गरी सबै टोलमा टोल विकास संस्था स्थापना अभियान सञ्चालन गरीनेछ ।

- पालिकाद्धारा सञ्चालित योजना तथा कार्यक्रमको बार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरीने नीति लिइनेछ
- अन्तर स्थानीय तह समन्वय र सहकार्य गरी साझा क्षेत्रहरुको पहिचान गरीने नीतिलाई निरन्तरता दिइनेछ।
- जनताको दैनिक जनजीवन सुरक्षित बनाउन एवम् शान्ति सुरक्षा कायम गर्नका लागि नेपाल प्रहरी, नेपाल रेडक्रस जस्ता संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने व्यवस्था सहित गाउँ प्रहरीको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- **अध्यक्ष स्वयसेवक कार्यक्रम** मार्फत दक्ष जनशक्ति तयार पारी स्वास्थ्य, शिक्षा, कृषि, पशु, सरसफाई र विपद जस्ता क्षेत्रहरुमा, युवाहरुको परिचालनलाई निरन्तरता दिइनेछ
- थोक तथा खुद्रा (मदिरा) विक्री वितरण गर्नका लागि अनिवार्य रुपमा लाइसेन्स लिनु पर्ने नीतिलाई प्रभावकारी बनाइनेछ।
- पालिकास्तरीय सञ्चालित विभिन्न व्यवसायहरुलाई नवीकरण गराउँदा, पालिकामा नवीकरण गरी सकेपछि मात्र करदाता सेवा कार्यालयमा नवीकरण गराउने नीति लिइनेछ । जसका लागि करदाता सेवा कार्यालयसँग समन्वय गरीनेछ
- गा.पा. द्धारा संचालित बसको प्रभावकारी ढंगले संचालन गर्नका लागि संचालनको थप रुटको व्यवस्था मिलाइनेछ । सहजताका लागि E-Ticket प्रणाली लागु गरीनेछ ।
- पूर्वीचौकी गाउँपालिकाको आन्तरिक राजस्वमा वृद्धि गर्नका लागि कार्यालयमा रहेका बस, एम्बुलेन्स र एक्जाभेटर सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ ।
- पूर्वीचौकी गाउँपालिकाद्धारा सञ्चालन गरीने विकास निर्माणका आयोजनाहरुको पार्दर्शिता तथा प्रभावकारिताका लागि एकीकृत अनुगमन प्रणाली अवलम्बन गरीने नीति निरन्तरता दिइनेछ ।

**आदरणीय सभासद ज्यू**

**अब म गाउँपालिकाले लिएको नीतिलाई सम्बोधन गर्नका लागि आ/२०८१व .०८२ को एक मुष्ट बजेट प्रस्तुत गर्न चाहान्छु ।**

| **क्रस.** | **शीर्षक** | **अनुदान प्रदान गर्न निकाय/स्रोत** | **रकम (रु हजारमा)** | **अक्षेरुपी** |
|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण | संघ | ८७८०० | आठ करोड अठहत्तर लाख मात्र |
| | | प्रदेश | ७५५४ | पचहत्तर लाख चौपन्न हजार मात्र |
| २ | राजश्व बाडफाड | संघ | ९६५०० | नौ करोड पैसठ्ठी लाख मात्र |
| | | प्रदेश | २१७९ | एक्काइस लाख उनासी हजार |
| ३ | विशेष अनुदान | संघ | ० | |
| | | प्रदेश | ५५०० | पचपन्न लाख मात्र |
| ४ | सशर्त अनुदान | संघ | २२८२०० | बाइस करोड बयासि लाख मात्र |
| | | प्रदेश | ३३०५ | तेत्तिस लाख पाँच हजार मात्र |
| ५ | सपपुरक अनुदान | संघ | ६००० | साठी लाख मात्र । |
| | | प्रदेश | ७२५० | बहत्तर लाख पचास हजार मात्र |
| ६ | आन्तरिक आय | स्थानीय | ५००० | पचास लाख मात्र (अनुमानित) |
| **जम्मा रकम** | | | ४४९२८८ | चवालीस करोड बयानब्बे लाख आठासि हजार मात्र । |

**<u>अन्त्यमाः</u>**

नीति तथा कार्यक्रम तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु सम्पादन गर्न हाम्रो सहकार्य साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा पूर्वीचौकी गाउँपालिकाले विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय, अन्तराष्ट्रिय संघ संस्थाहरु, टोल विकास संस्थाहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक धन्यवाद दिन चाहान्छु ।

नीति, बजेट तथा कार्यक्रमहरु निर्माण गर्ने शिलशिलामा राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्य ज्युहरु, गाउँपालिकाका कर्मचारीहरुको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सूचनाको जानकारी सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरिक समाज, उद्योगी, व्यावसायीहरु, बुद्धिजिवीहरु, सञ्चारकर्मीहरु, सम्पूर्ण राष्ट्र सेवक कर्मचारी साथीहरु तथा गाउँपालिका बासी आमाबुवा, दाजुभाइ, दिदिबहिनी तथा ईष्ट मित्रहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

**। धन्यवाद ।**